दोस्रो प्रेस विज्ञप्ति
असोज २२, २०७५

फोटो काठमाडौँ २०१८
असोज २६ देखि कार्तिक ३०, २०७५

अन्तर्राष्ट्रिय फोटो महोत्सव फोटो काठमाडौँको तेस्रो संस्करण यहि २०७५ साल असोज २६ देखि कार्तिक ३० गतेसम्म आयोजना हुन गइरहेकोबारे सार्वजनिक घोषणा गर्न पाउँदा फोटोसर्कल तथा सहयोगी संस्था हरु गौरवान्वित छौँ । यस वर्षको फोटो महोत्सवमा सामेल प्रदर्शनी तथा कार्यक्रमहरु पितृसत्ता, पहिचान, लिङ्ग, यौनिकता तथा शक्ति जस्ता विषयमा केन्द्रित छन् ।

फोटो काठमाडौँ २०१८ मा १८ फोटो प्रदर्शनी, ४ रातसम्म स्लाइडशो प्रदर्शनी, १७ कलाकार संवाद तथा छलफल प्यानल, ८ कार्यशाला, एक मिक्स(मिडिया रेजिडेन्सी साथै महोत्सबको इतिहासको पहिओ दक्षिण एसियाली इन्क्युबेटर कार्यक्रम सामेल छन्। कला क्षेत्रमा कलाकार तथा साधकहरुलाई आफ्नो कला साधना तथा विकासकालागि चाहिने सिप, दक्षता, अभ्यास तथा बजारबारे ज्ञान उपलब्ध गराउने मन्चलाई कला इन्क्युबेटर कार्यक्रम भनिन्छ ।

यसपटक प्रिन्ट प्रदर्शनीतर्फ नेपाली तथा अन्तर्राष्ट्रिय कलाकारहरुको विविध समूहले दुइ चरणमा आफ्नो काम प्रस्तुत गर्नेछन् । असोज २६ मा सुरु हुने पहिलो चरणमा अमर कन्वरको तेजिलो बयानस दिवस राजा केसी तथा नयनतारा गुरुङ कक्षपतिको सहप्रबन्धनमा आमवृत्तमा महिलाः महिलावादी स्मृति पहल, बुनु ढुंगानाको प्रतिरोधस कीपा मास्के, इरिना गिरी तथा सोनाम चोकी लामाको वियुक्त शरीरस लरेन्स रस्तीको इरानमा कोहिपनि समलिंगी छैनन, श्रीधरलाल मानन्धरको स्वाधीन अभिलेखनकर्तास लुसिया डेभ्रिज तथा प्रशित स्थापितको सहप्रबन्धनमा विराट, अद्‌भुत, भव्य उन्माद : हिप्पी काठमाडौँ तथा निना मानन्धरको भ्रातृत्वरगोर्खालीका छोरा सामेल छन् ।

कार्तिक ९ गते थप ६ वटा प्रदर्शनीसहित महोत्सवको दोस्रो चरण आरम्भ हुनेछ । त्यसमा लाङटाङ मेमोरी प्रोजेक्टको सेम्पाः त्सेरे किपु शोस सोहरब हुराको लुप्त शिर र पंक्षीस रबिन ह्यामण्डको जहाँ प्रेममाथि कानुनी बन्देज छस बाइण्ड कलेक्टिभको बाइण्ड बक्स ३३स अनिश्का वर्माको प्रबन्धनमा कसको र कसकालागिस तथा नेपाल पिक्चर लाइब्रेरी  र मदन पुरस्कार पुस्तकालयका अभिलेखालयबाट लिइएका तस्विरको संकलन ओपन स्टुडियो छन् । पहिलो चरणका प्रदर्शनी पनि महोत्सवभरि रहनेछन् ।

असोज १२ गते महोत्सवले २ कलाकार तथा २ भिन्न कलाकारद्वयको जोडी गरि ५ विभिन्न देशबाट जम्मा ६ कलाकारलाई एक महिने मिक्स मिडिया रेजिडेन्सीमा स्वागत गर्यो । अतिथि प्रबन्धकद्वय वीरांगनाकुमारी सोलंकी तथा सुजन चित्रकारसँग सहकार्यमा यी कलाकारहरुले पाटनमा एक महिना बसोबास गर्दै फोटोग्राफी तथा अन्य मध्यमबीचको अन्तर्सम्बन्ध अध्ययन गर्दै मौलिक कृति सिर्जना गर्नेछन् र महोत्सवको मुख्य कार्यक्रम अवधिमा प्रदर्शन गर्नेछन् ।

कार्तिक ९ देखि १५ सम्म हुनगइरहेको यस वर्षको कार्यक्रम सप्ताहमा स्लाइड शोको रूपमा थप प्रदर्शनीहरु, नेपाली तथा अन्तर्राष्ट्रिय कलाकारहरुका लागि व्यवसायिक विकासका अवसर, पोर्टफोलियो रिभ्यु र सम्पर्क तथा संजाल विस्तार कार्यक्रमहरु र कलाकार संवाद तथा प्यानल छलफलमार्फत सार्वजनिक अन्तरक्रिया सामेल छन् ।

यस वर्षको स्लाइडशो कार्यक्रमले विगतका वर्षमा झैँ महोत्सवका प्रमुख विषयबारे वार्तालाप जारी राख्दै एसिया तथा अफ्रीकाका कलाकारहरुको काम प्रदर्शन गर्नेछ ।  यस वर्षका कार्यशालाहरुले फोटोग्राफीको

अभ्यासमा सिर्जना भइरहेका नयाँ प्रवृत्ति र विचारहरुलाई सम्बोधन गर्नेछन् ।   विशेष उल्लेखनीय कृतिहरुमा बम्बे फ्लाईङ्ग क्लबका उवे एच मार्टिनको मल्टिमिडिया कथानक निर्माण तथा वेबकालागि डकुमेन्ट्री, सुमित दयालको अतियथार्थवादस् हामीले विश्वलाई कसरी नयाँ स्वरूप दिँदै छौं, तथा रबिन ह्यामण्डको स्व तथा प्रतिनिधित्व छन् ।

हाम्रो शहर, यहाँका बासिन्दाहरू, यसको विगत तथा यसका महत्वाकांक्षाहरूबीच नयाँ संवाद सिर्जना गर्ने फोटो काठमाडौंको जमर्को रहेको छ। यसका कलाकार संवाद तथा प्यानल छलफलहरुले 'कलामार्फत हस्तक्षेप' का हदलाई चुनौती दिँदै स्थानीय तहमा सान्दर्भिक सामाजिक तथा राजनीतिक विषयहरुमा गहन अन्तर्क्रिया गर्नेछ ।
यस वर्ष हामी विशेषगरि तन्जिम वाहाब, इल्गिन डेनिज आक्सेलोग्लु, कनकमणि दीक्षित, अमर कन्वर तथा सुबिना श्रेष्ठबीच अभिव्यक्तिमाथि बन्देज सेन्सरसिपबारेस द फ्यामिली क्यामेरा प्रोजेक्टबारे दीपाली देवानको विचारस महिलावादी स्मृति पहलमा सामग्री दिएर सघाउनुहुने महानुभावहरुको भनाइ तथा निना मानन्धरको डायस्पोराका नेपाली युवाहरुसँगको कामबारे अनुभव सुन्न उत्सुक छौं ।

फोटो काठमाडौं एक सांस्कृतिक कार्यक्रम हो र यसले आफ्नो समुदाय तथा अन्य सांस्कृतिक संस्थालाई पनि सहयोग गर्न चाहन्छ । यसको कला तथा शिक्षा कार्यक्रममा आबद्ध युवा कला शिक्षकहरुको समुहले विद्यार्थीहरु, शिक्षकहरु, व्यवसायीहरुको सञ्जाल तथा परिवारहरुलाई महोत्सवमा सहभागी कलाकार तथा प्रदर्शनीहरुसँग अन्तर्क्रिया गर्न निम्त्याउँछन् । साथै महोत्सवमा सहकार्य गर्ने साझेदार संस्थासँगका समानान्तर कार्यक्रमहरुले पनि यहि उद्देश्यलाइ प्रवर्धन गर्छन् ।

फोटो काठमाडौंका कार्यक्रमहरूको विस्तृत विवरण यहि प्रेस विज्ञप्तिसँगै सामेल गरिएको छ ।

आयोजकबारे
सन् २००७ मा स्थापना भएको फोटोसर्कल नेपालमा फोटोग्राफीकोलागी एक मन्च हो । कार्यशाला, प्रकाशन, प्रदर्शनी तथा लासैको आग्रहमा गरिने काममार्फत फोटोसर्कलले फोटोग्राफरहरुकोलागि सिक्ने, प्रदर्शन गर्ने, र्पकशन गर्ने तथा आफ्नो कामलाई बजारसम्म लैजाने अवसर सिर्जना गर्ने प्रयत्न गर्छ।
यसले नेपाल पिक्चर लाइब्रेरी पनि संचालन गर्दछ जसले दृश्य सामग्रीमार्फत नेपालको समावेशी इतिहासको अभिलेख निर्माण गर्ने प्रयत्न गर्दछ।

थप जानकारीकालागि:
सुश्रुत आचार्य  - press@photoktm.com

नियमित सूचनाकालागि
www.photoktm.com
www.facebook.com/photoktm
www.instagram.com/photoktm
www.twitter.com/photoktm
www.youtube.com/c/PhotoKathmanduNepal
#photoktm2018